नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा )**
नक्साल, काठमाण्डौं ।
प्रथम पटक प्रकाशित मिति :- २०७३/१०/२० गते ।
विज्ञापन नं.०७३/७४/०३

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा **जनपद समूह** तर्फ रिक्त **प्रहरी जवान** पद खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग पद संख्याः-**

| खुल्ला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | आ./ज. | मधेसी | महिला | दलित | पि.क्षे. | |
| ८८७ | ३३ | २३२ | २०३ | १४५ | १०८ | ३७ | १६४५ |

२. **दरखास्त दिने मितिः**- २०७३/११/०१ गतेदेखि २०७३/११/३० गतेसम्म ।

३. **दरखास्त फाराम पाइने र बुझाउने स्थानहरुः-**

- महानगरीय प्रहरी परिसरहरु काठमाण्डौं, भक्तपुर र ललितपुर ।
- पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्र, रानी विराटनगर ।
- मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र, दुधौली सिन्धुली ।
- पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, बुटवल ।
- मध्य पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, नेपालगंज ।
- सुदूर पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, दिपायल ।
- जिल्ला प्रहरी कार्यालयहरु सबै (७२) ।

४. **दरखास्त दस्तुरः**- दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समुहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको लागि २० प्रतिशत (रु.२०) का दरले थप दस्तुर लाग्नेछ ।

५. **आवश्यक न्यूनतम योग्यताहरुः-**

१. शैक्षिक योग्यताः- कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको,
३. राजनीतिक दलको सदस्य नरहेको,
४. आतङ्ककारी संगठनको सदस्य नरहेको ।
५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।
६. उचाई, छाती र तौलः
(क) पुरुष- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल कम्तीमा ५० के.जी.
(ख) महिला- उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी.
७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
८. नेपाली नागरिक ।

६. **उमेरः**- दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको र बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ ।

७. **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :-**

क) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।

ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ प्रति ।

ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति ।

घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

ङ) **दलितका** लागि राष्ट्रिय दलित आयोगवाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

छ) **पिछडिएको क्षेत्रका** लागि (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।

ज) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ, भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

८. **परीक्षा विधिः-** प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुने) र अन्तरवार्ता परीक्षा ।

९. **सम्पर्क मिति तथा स्थानः-** मिति २०७३/१२/१५ गते समय विहान ११:०० बजे, दरखास्त दर्ता गरेको सम्बन्धित प्रहरी कार्यालयमा ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा संचालन गर्दा खुल्ला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई छनौट गरिनेछ ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयं उपस्थित हुनु पर्नेछ ।

४. यस विज्ञापन सम्बन्धी सूचना, विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको *website:www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी पेश गर्न सकिने छ ।

मितिः-२०७३/१०/२० गते ।

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना तथा छनौट शाखा
नक्साल, काठमाण्डौं ।